**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ जुन २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेंद्र मोदी क्रोएशियाको ऐतिहासिक अनि आफ्नो पहिलो आधिकारिक यात्रा सम्पन्न गरी नयाँ दिल्ली फर्कनु हुँदैछ।

- वित्त मंत्री निर्मला सीतारामनले भन्नुभएको छ 2028-29 सम्म फिनटेक बाजार 400 अरब डॉलरभन्दा अधिकको हुने अनुमान छ।

- तेलंगानाका मुख्यमन्त्री ए रेवन्त रेड्डीले आन्ध्र प्रदेश सरकारले प्रस्ताव गरेको गोदावरी-बनकाचरला लिंक परियोजना रोक्न सर्वोच्च अदालत जाने घोषणा गर्नुभएको छ।

- इस्राइल अनि ईरानबीचको संघर्षमा ईरानका अधिकारिहरुले दाबी गरेअनुसार इजरायलका सेनाको तीन हमला अनि बमबारीमा हताहतको संख्या बढेको छ।

- हॉकी इंडिया मास्टर्स कप 2025 को उद्घाटन हिज चेन्नईमा भयो।

**प्रधानमंत्री क्रोएशिया**

प्रधानमंत्री नरेंद्र मोदी क्रोएशियाको ऐतिहासिक अनि आफ्नो पहिलो आधिकारिक यात्रा सम्पन्न गरी नयाँ दिल्ली फर्कनु हुँदैछ। श्री मोदीको यस यात्रा अवधि धेरै उच्च स्तरीय बैठकहरु भयो। यस यात्राले भारत-क्रोएशिया संबंधमा महत्वपूर्ण सुधार हुने अनि भावी रणनीतिक सहयोगका लागि आधार तैयार भएको छ। मध्य अनि दक्षिणपूर्व यूरोपीय देशको दिनभरिको यात्रा अवधि प्रधानमंत्री मोदीले क्रोएशियाका प्रधानमंत्री आंद्रेज प्लेंकोविचसित बांस्की वोरीमा प्रतिनिधिमंडल स्तरको व्यापक वार्ता गर्नुभयो। दुइ नेताहरुले संयुक्त प्रेस वक्तव्य जारी गर्नुहुँदै वैश्विक शांति, लोकतांत्रिक मूल्य तथा व्यापार, प्रौद्योगिकी अनि संस्कृतिको क्षेत्रमा सहयोग बढाउने प्रतिबद्धतामाथि दिए। श्री मोदीले संघर्षको शांतिपूर्ण समाधानमाथि जोरदार वकालत गर्नुहुँदै भन्नुभयो, यूरोप होस या एशिया, युद्धको मैदानमा समाधान हुँदैन। उहाँले भन्नुभयो, बातचीत अनि कूटनीतिलाई अघि बढाउनु एकमात्र व्यवहारिक मार्ग हो। उहाँले सबै देशहरुको संप्रभुता अनि क्षेत्रीय अखंडतालाई सम्मान गर्दै भारतको निरंतर अडानको पनि पुष्टि गर्नुभयो। प्रधानमंत्रीले आतंकवादको निंदा गर्दै मानवताको शत्रु बताउनु भयो। उहाँले 22 अप्रैलको दिन भएको पहलगाम आतंकी हमलापछि भारतप्रति एकजुटता अनि समर्थनका लागि क्रोएशियाका नेताहरु अनि जनतालाई हार्दिक धन्यवाद दिनु भयो। **दुवै** नेताहरुले द्विपक्षीय व्यापारलाई विस्तार गर्न, लचीलोपन अनि विश्वसनीय आपूर्ति श्रृंखला बनाउनमाथि सहमति व्यक्त गरे। प्रधानमंत्री मोदीले फार्मास्यूटिकल्स, कृषि, सूचना प्रौद्योगिकी, स्वच्छ अनि डिजिटल प्रौद्योगिकी, नवीकरणीय ऊर्जा अनि सेमीकंडक्टर सहित कैयौं क्षेत्रमा सहयोग बढ़ाउने घोषणा गर्नुभयो। भारत अनि क्रोएशियाले चार समझौता ज्ञापनहरुमा (एमओयू) हस्ताक्षर गरेको छ, जो क्रोएशियामा कुनैपनि भारतीय प्रधानमंत्रीको पहिलो यात्राको अवधि द्विपक्षीय संबंधमा महत्वपूर्ण कदम हो।यात्रा अवधि प्रधानमंत्री मोदीले क्रोएशियाका राष्ट्रपति ज़ोरान मिलानोविचसित पनि बैठक गर्नुभयो।

**विदेश मंत्रालय ऑपरेशन सिंधू**

उत्तरी ईरानले निकालेको110 भारतीय विद्यार्थिहरुलाई लिएर एक विमान आज बिहान नयाँ दिल्ली आइपुग्यो। ईरान

अनि इस्राइल बीच चलिरहेको संघर्षका कारण बिग्रदो स्थितिको मद्देनजर भारतले ईरानबाट आफ्नो नागरिकहरुलाई निकालनका लागि ऑपरेशन सिंधु शुरू गरेको छ। पहिलो कदम अंतर्गत तेहरान स्थित भारतीय दूतावासले 17 जूनमा उत्तरी ईरानबाट 110 भारतीय विद्यार्थिहरुलाई निकालेको छ अनि उनीहरुलाई सुरक्षित आर्मीनिया पुराउन मदद गर्यो। विदेश मंत्रालयको बयानमा भनिएको छ, भारत सरकार सुचारू निकासी प्रक्रियाका लागि ईरान अनि आर्मीनियाको सरकारहरुप्रति आभारी छ।आकाशवाणी समाचारसित बातचीतमा तेहरानमा एमबीबीएस पढ़ाई गरीरहेका भारतीय छात्र अमान नज़रले ईरानमा सुरक्षा चुनौतिहरु बीच सुरक्षित निकालिएकोमा खुशी व्यक्त गरेको छ।

**निर्मला-फिनटेक**

वित्त मंत्री निर्मला सीतारामनले भन्नुभएको छ 2028-29 सम्म फिनटेक बाजार 400 अरब डॉलरभन्दा अधिकको हुने अनुमान छ। उहाँले आशा जताउनु भयो आउने वर्षहरुमा देशमा फिनटेक क्रांति आउने छ।हिज नयाँ दिल्लीमा डिजिटल भुगतान पुरस्कार-2025 समारोहलाई संबोधित गर्दै वित्त मंत्रीले भन्नुभयो भारतीय फिनटेक नवाचारहरुमा जुन क्षमता छ त्यसले उदयमान अनि विकसित अर्थव्यवस्थाहरुलाई लाभ मिल्नेछ। कार्यक्रम अवधि वित्त मंत्रीले भारतमा डिजिटल भुगतानमा उत्कृष्ट प्रदर्शनको डिजिटल भुगतान पुरस्कार पनि प्रदान गर्नुभयो। पंजाब नेशनल बैंकले सार्वजनिक क्षेत्रका बैंक श्रेणीमा पहिलो पुरस्कार जित्यो, त्यसपछि बैंक ऑफ बड़ौदा अनि यूको बैंकको स्थान रहयो ।

**गडकरी-सडक दुर्घटना**

सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले हिज नयाँ दिल्लीमा सडक दुर्घटना पीडितहरूको नि:शुल्क उपचारको राष्ट्रव्यापी योजनाको कार्यान्वयन सम्बन्धी उच्चस्तरीय बैठक गर्नुभयो। उहाँले देशभर बढ्दो सडक दुर्घटनालाई रोक्न तत्काल आवश्यक रहेकोमा जोड दिनुभयो। श्री गडकरीले भन्नुभयो सडक दुर्घटनालाई रोक्नु केन्द्र सरकारको प्राथमिकता हो। सरकारले २०३० सम्ममा सडक दुर्घटनालाई ५० प्रतिशतले घटाउने लक्ष्य राखेको छ।

**विशेष फीचर - योग विकास**

११ औं अन्तर्राष्ट्रिय योग दिवस २१ जुन मा विश्वभर मनाइनेछ। आकाशवाणी समाचारले तपाईहरुको लागि प्राचीन भारतीय परम्परा देखि विश्वव्यापी आन्दोलन सम्म योगको विकासको बारेमा एक विशेष फीचर लिएर आएको छ।

(byte)

**तेलंगाना - सर्वदलीय सांसदहरूको बैठक**

तेलंगानाका मुख्यमन्त्री ए रेवन्त रेड्डीले आन्ध्र प्रदेश सरकारले प्रस्ताव गरेको गोदावरी-बनकाचरला लिंक परियोजना रोक्न सर्वोच्च अदालत जाने घोषणा गर्नुभएको छ। यस परियोजनामा गोदावरी नदीको पानी पोलावरमबाट कृष्णा बेसिनमा मोड्ने प्रणाली प्रस्ताव गरिएको छ। सर्वदलीय सांसदहरूको बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै मुख्यमन्त्रीले राज्य सरकारले कानुनी लडाइँका लागि विज्ञहरू नियुक्त गर्ने बताउनु भयो। उहाँले सरकारले तेलंगानाको हितको रक्षा गर्न हरसम्भव प्रयास गर्ने बताउनु भयो। उहाँले गोदावरी-बनकाचरला परियोजनाको विरुद्धमा राज्य बिधानसभामा प्रस्ताव पारित गरी केन्द्रमा पठाइने र यो लडाइँ सबै दलहरूसँग एकताबद्ध भएर लडिने बताउनु भयो।

**अरण्या ऋषि-मृत्यु**

प्रसिद्ध वातावरणविद्, वन्यजन्तु विज्ञ तथा पद्मश्री मारुति चितमपल्लीको ९३ वर्षको उमेरमा महाराष्ट्रको सोलापुरमा उमेरसँग सम्बन्धित रोगका कारण निधन भयो। उहाँलाई 'अरण्या ऋषि' पनि भनिन्थ्यो। उहाँले आफ्नो जीवन वन, वन्यजन्तु र साहित्य संरक्षणमा समर्पित गर्नुभयो। चितमपल्लीलाई यस वर्ष अप्रिल ३० मा राष्ट्रपतिले पद्मश्री प्रदान गर्नुभएको थियो।चितमपल्लीले वन विभागमा आफ्नो ३६ वर्षको सेवा अवधिमा अनुसन्धान र दस्तावेजीकरणका लागि देशभरि पाँच लाख

किलोमिटरभन्दा बढी यात्रा गर्नुभयो।

**<u>इस्राइल- ईरान</u>**

इस्राइल अनि ईरानबीचको संघर्षमा ईरानका अधिकारिहरुले दाबी गरेअनुसार इजरायलका सेनाको तीन हमला अनि बमबारीमा हताहतको संख्या बढेको छ। ईरानको सरकारी समाचार एजेंसी अनुसार इस्राइलले ईरानको राष्ट्रीय पुलिस मुख्यालयलाई निशाना बनायो, जसमा धेरै मानिस घाइते भएको छ। अर्कोतर्फ, इस्राइलका रक्षा मंत्री इस्राइल काट्जले दाबी गरे अनुसार ईरानको सार्वजनिक सुरक्षाको मुख्यालय नष्ट गरिएको छ।

ईरानले इस्राइल हमला कडा जवाब दिएको छ। संघर्ष शुरू भए यता ईरानले इस्राइलमाथि 400 भन्दा अधिक बैलिस्टिक मिसाइल अनि लगभग 1,000 ड्रोन हमला गरिसकेको छ।

**<u>हॉकी-मास्टर्स कप</u>**

हॉकी इंडिया मास्टर्स कप 2025 को उद्घाटन हिज चेन्नईमा भयो। महिला वर्गमा हॉकी कर्नाटकले केरल हॉकीलाई 7-0 ले हराएको छ। हॉकी हिमाचल द्वारा मैच छोडेपछि हॉकी महाराष्ट्रलाई 5-0 ले जीत प्राप्त भयो।
पुरुष वर्गमा हॉकी पंजाबले ले पुडुचेरी हॉकीलाई 3-2 ले हरायो जबकि तमिलनाडुको हॉकी यूनिटले केरल हॉकीमाथि 8-0 ले जीत दर्ता गर्यो।